# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम छ महिनाको तथ्याङ्कमा आधारित)*

**नेपाल राष्ट्र बैंक**

**फाल्गुण २०६१**

www.nrb.org.np

## मुख्य बुँदाहरु

- मुद्रा प्रदाय (संकुचित र विस्तृत) मा विस्तार भएको छ।
- बैकिङ्ग क्षेत्रबाट श्री ५ को सरकारतर्फ गएको कर्जाको घट्ने क्रम जारी छ।
- आवधिक निक्षेपको बढ्ने दरमा कमी आएको छ।
- मुद्रा बजारमा ट्रेजरी विल्सको ब्याजदर घटेको छ।
- धितोपत्र बजारको कारोवार तथा नेप्से परिसूचकाङ्क बढेको छ।
- मूल्य सूचकाङ्कको वृद्धिदरमा कमी आएको छ।
- नगद प्रवाहमा आधारित सरकारी खर्च बढेको छ।
- कुल सरकारी खर्चको तुलनामा गैर-ऋण साधनको वृद्धिदर उच्च भएको परिणामस्वरुप सरकारी बजेट बचतमा रहेको छ।
- आयात तथा निर्यात दुवैको वृद्धिदरमा कमी आएको भए तापनि आयातको तुलनामा निर्यातको वृद्धिदर उच्च रहेकोले व्यापार घाटा घटेको छ।
- शोधनान्तर स्थिति बचतमा रहेको छ।
- २०६१ पौष मसान्तमा कुल विदेशी विनिमय संचिति रु. १ खर्ब ३१ अर्ब ११ करोड पुगेको छ। यो संचिति १२.३ महिनाको वस्तु आयात र १०.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

# देशको वर्तमान आर्थिक स्थिति


*(आर्थिक वर्ष २०६१/६२ को प्रथम छ महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

१. २०६१ पौष मसान्तमा विस्तृत मुद्रा प्रदाय ४.३ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ८९ अर्ब २६ करोड पुगेको छ । गत वर्ष विस्तृत मुद्रा प्रदाय ४.५ प्रतिशतले बढेको थियो । गत वर्ष ०.९ प्रतिशतले घटेको संकुचित मुद्रा प्रदाय यस वर्ष १.८ प्रतिशतले बढ्न गई रु. ९५ अर्ब ६६ करोड पुगेको छ । खुद आन्तरिक सम्पत्ति तथा खुद वैदेशिक सम्पत्तिमा वृद्धिका कारण अघिल्लो वर्षको तुलनामा यस वर्ष मौदिक योगाङ्कहरुमा वृद्धि हुन गएको हो । यस वर्ष आवधिक निक्षेप ५.६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ९३ अर्ब ६० करोड पुगेको छ । गत वर्ष आवधिक निक्षेप ७.३ प्रतिशतले बढेको थियो । तेस्रो मौद्रिक योगाङ्कको रुपमा रहेको विस्तृत मौद्रिक तरलता (एम ३ = एम २ र विदेशी मुद्रा निक्षेप) गत वर्ष ४.९ प्रतिशतले बढेकोमा यस वर्ष ३.८ प्रतिशतले बढी रु. ३ खर्ब ९ अर्ब ७३ करोड पुगेको छ ।

२. मौद्रिक योगाङ्कमा विस्तारकारी भूमिका खेल्ने खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्यांकन समायोजन समेत) यस वर्ष ५.२ प्रतिशतले बढ्न गई रु. १ खर्ब ८ खर्ब ९४ करोड पुगेको छ । गत वर्ष खुद वैदेशिक सम्पत्ति ९.४ प्रतिशतले बढेको थियो । निर्यात आयमा सामान्य वृद्धि रहन गएका कारणले खुद वैदेशिक सम्पत्तिको वृद्धि अघिल्लो वर्षको तुलनामा न्यून रहन गएको हो ।

३. बैकिंङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा यस वर्ष ४.८ प्रतिशतले बढ्न गई रु. २ खर्ब ६३ अर्ब १३ करोड पुगेको छ । गत वर्ष कुल आन्तरिक कर्जा ०.५ प्रतिशतले बढेको थियो । मौद्रिक क्षेत्रको वित्तीय संस्थाहरुमाथिको दावी तथा श्री ५ को सरकारलाई गएको खुद कर्जा घटेको भए तापनि निजी क्षेत्रमाथिको दावी तथा गैर वित्तीय संस्थानहरुमाथिको दावीमा वृद्धिका कारण कुल आन्तरिक कर्जा बढ्न गएको हो । यस वर्ष मौद्रिक क्षेत्रको गैर वित्तीय संस्थानहरुमाथिको दावी २३.२ प्रतिशतले बढी रु. ३ अर्ब ५९ करोड पुगेको छ । बाणिज्य बैंकहरुबाट नेपाल आयल निगमलाई गएको कर्जामा वृद्धिका कारण उक्त दावीमा वृद्धि भएको हो । गत वर्ष सो दावी ४.१ प्रतिशतले घटेको थियो । मौद्रिक क्षेत्रको वित्तीय संस्थाहरुमाथिको दावी गतवर्ष ९.३ प्रतिशतले बढेको तुलनामा यस वर्ष २.० प्रतिशतले घटी रु. १३ अर्ब ७ करोडमा झरेको छ । ग्रामीण विकास बैंकहरु र विकास बैंकहरुले नेपाल राष्ट्र बैंकबाट उपयोग गरेको केही पुनर्कर्जा चुक्ता गरेकोले मौद्रिक क्षेत्रको वित्तीय संस्थाहरुमाथिको दावी यस वर्ष घट्न गएको हो । गत वर्ष १४.१ प्रतिशतले घटेको श्री ५ को सरकारतर्फको खुद कर्जा श्री ५ को सरकारको नेपाल राष्ट्र बैंकमा नगद मौज्दात बढ्न गएकोले यस वर्ष ४.६ प्रतिशतले घट्न गई २०६१ पौष मसान्तसम्ममा रु. ५९ अर्व ४७ करोडमा झरेको छ । मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी गत वर्ष ६.० प्रतिशतले वृद्धि भएको तुलनामा यस वर्ष ८.४ प्रतिशतले वृद्धि भई २०६१ पौष मसान्तसम्ममा रु. १ खर्ब ८७ अर्ब पुगेको छ । घरजग्गा कर्जा, सवारी कर्जा तथा उपभोग कर्जामा वृद्धिका कारण निजी क्षेत्रमाथिको दावी यस वर्ष बढ्न गएको हो ।




४. मुद्रा प्रदायमा संकुचनकारी भूमिका खेल्ने खुद अमौद्रिक दायित्व (विदेशी विनिमय मूल्यांकन समायोजन समेत) यस वर्ष ६.९ प्रतिशतले बढ्न गई रु. ८२ अर्व ८१ करोड पुगेको छ । गत वर्ष खुद अमौद्रिक दायित्व १.८ प्रतिशतले

घटेको थियो । यस वर्ष खुद आन्तरिक सम्पत्ति (विदेशी विनिमय मूल्यांकन समायोजन समेत) ३.७ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ८० अर्ब ३२ करोड पुगेको छ । गत वर्ष खुद आन्तरिक सम्पत्ति १.६ प्रतिशतले मात्र बढेको थियो । मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जामा वृद्धिको कारणले खुद आन्तरिक सम्पत्ति अघिल्लो वर्षभन्दा बढी दरले विस्तार हुन गएको हो ।


५. नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०६१/६२ को प्रथम छ महिनामा खुला बजार बिक्री बोलकबोल मार्फत रु. १० अर्ब ५० करोड तरलता प्रशोचन गरियो र सोही अवधिमा रु. ४ करोड ९५ लाख खरिद बोलकबोल गरी तरलता प्रवाह गरियो । नेपाल राष्ट्र बैंकले रिपो बोलकबोल मार्फत रु. २ अर्ब ६६ करोड तरलता प्रवाह गऱ्यो । साथै, रिभर्स रिपो बोलकबोल मार्फत रु. ४ अर्ब ७ करोडको तरलता प्रशोचन गऱ्यो । स्थायी तरलता सुविधा मार्फत बाणिज्य बैंकहरुलाई रु. २२ अर्ब ५४ करोड प्रदान गरियो । यसरी दोस्रो खुला बजार कारोबार मार्फत रु. २५ अर्ब २५ करोड तरलता प्रवाह गरियो भने रु. १४ अर्ब ५७ करोड तरलता प्रशोचन गरियो । फलस्वरुप, खुद तरलता प्रवाह रु. १० अर्ब ६८ करोड रह्यो । अन्य कारकहरुका साथै तरलता प्रवाहले अल्पकालीन ब्याजदर घट्यो । उदाहरणको लागि, २०६० पौष महिनामा ३.९ प्रतिशत रहेको औसत ट्रेजरी बिल्सदर २०६१ पौष महिनामा २.१ प्रतिशतमा झऱ्यो ।

## शेयर बजार गतिविधि

६. शेयर बजारमा २०६१ पौष महिनामा २०६० पौष महिनाको तुलनामा संख्यात्मक तथा रकमगत शेयर कारोवारमा ठूलो वृद्धि भएको छ । साथै, शेयर बजारका अन्य परिसूचकहरुमध्ये शेयर मूल्य, सूचीकृत भएका कम्पनीहरुको संख्या र बजार पूँजीकरणमा पनि वृद्धि भएको छ । बाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको दोस्रो बजार कारोवार उल्लेखनीय रुपमा बढेको छ । त्यसैगरी औद्योगिक उत्पादन तथा प्रशोधन समूहका कम्पनीहरुको शेयरको संख्यात्मक तथा रकमगत कारोबार अत्यधिक बढेको देखिन्छ । सूचीकृत कम्पनीहरुको संख्यामा वृद्धि भए अनुरुप २०६१ पौष महिनामा २०६० पौष महिनाको तुलनामा चुक्ता पूँजी १३.२ प्रतिशतले वृद्धि भई रु. १४ अर्ब ५६ करोड पुगेको छ । बैंक, वित्त कम्पनी तथा बीमा कम्पनीहरुले नयाँ शेयर सूचीकृत भएको तथा लाभप्रद शेयर जारी गरेकाले चुक्ता पूँजीमा वृद्धि भएको हो । २०६१ पौष महिनामा २०६० पौष महिनाको तुलनामा सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण २९.६ प्रतिशतले वृद्धि भई रु. ४७ अर्ब ९ करोड ७७ लाख पुगेको छ । २०६० पौष मसान्तमा कारोवार बन्द हुँदा २०१.९५ रहेको नेप्से परिसूचक २०६१ पौष मसान्तमा ३७.७ विन्दु (१८.६ प्रतिशत) ले वृद्धि भई २३९.६१ पुगेको छ । नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत कम्पनीहरुको संख्या २०६० पौष महिनामा १११ रहेकोमा २०६१ पौष महिनामा त्यस्ता कम्पनीहरुको संख्या १२१ पुगेको छ । २०६० पौष महिनामा ६३ वटा कम्पनीहरुको शेयर कारोवार भएकोमा २०६१ पौष महिनामा कारोवार भएका कम्पनीहरुको संख्या ७६ पुगेको छ ।

७. २०६१ पौष महिनामा रु. १६ करोड ५५ लाख मूल्यका २२ लाख ९३ हजार कित्ता शेयर ८४२७ कारोवार मार्फत खरीदबिक्री भएका छन् । २०६० पौष महिनामा रु. ५ करोड ५७ लाख मूल्यका २ लाख ६९ हजार कित्ता शेयर ४७०० कारोवार मार्फत खरीदबिक्री भएका थिए । २०६१ पौष महिनामा २०६० पौष महिनाको तुलनामा संख्यात्मक शेयर कारोवारमा ८.५ गुणाले र रकमगत कारोवारमा ३.० गुणाले वृद्धि भएको छ ।

८. २०६१ पौष महिनामा कुल कारोवार रकममा वाणिज्य बैंक समूहको ७६.२ प्रतिशत, वित्त कम्पनीहरुको १७.६ प्रतिशत, वीमा कम्पनीहरुको ३.२ प्रतिशत, औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरुको १.९ प्रतिशत, होटेल समूहको ०.७ प्रतिशत, विकास बैंक समूहको ०.४ प्रतिशत, व्यापारिक समूह र अन्य समूहको योगदान नगन्य रहेको छ । २०६० पौषमा वाणिज्य बैंक समूहको ७४.२ प्रतिशत, वित्त कम्पनीहरुको १७.२ प्रतिशत, वीमा कम्पनीहरुको ३.४ प्रतिशत, विकास बैंक समूहको २.२ प्रतिशत, व्यापारिक समूहको १.५ प्रतिशत, औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरुको १.० प्रतिशत, होटल समूह ०.५ प्रतिशत, र अन्य समूहको योगदान शून्य रहेको थियो ।




## मूल्य स्थिति

९. विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०६१ पौषमा ४.६ प्रतिशतले बढ्न गएको छ। २०६० पौषमा यस्तो वृद्धिदर ५.० प्रतिशत रहेको थियो। पेट्रोलियम पदार्थ र चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा उच्च वृद्धि भए तापनि तरकारी तथा फलफूलको मूल्यमा ह्रास आएकोले गत वर्षको तुलनामा मूल्य सूचकाङ्कको वृद्धिदर कम रहन गएको छ। २०६० पौषमा १५२.५ रहेको समग्र मूल्य सूचकाङ्क २०६१ पौषमा १५९.५ पुगेको छ। गत आर्थिक वर्षको प्रथम छ महिनाको औसत मूल्य वृद्धिदर ५.३ प्रतिशत रहेकोमा यस वर्ष यस्तो वृद्धिदर ३.० प्रतिशत मात्र रहेको छ।

१०. खाद्य तथा पेय पदार्थको मूल्य गत वर्ष ४.१ प्रतिशतले बढेकोमा यस वर्ष ३.४ प्रतिशतले बढेको छ। यस समूह अन्तर्गतका उप-समूहहरुमध्ये चिनी तथा चिनीजन्य पदार्थ (३७.३ प्रतिशत), माछा, मासु तथा फुल (८.० प्रतिशत), दलहन (७.० प्रतिशत), अन्न तथा अन्नबाट बनेका परिकारहरु (५.२ प्रतिशत), रेष्टुराँको खाना (३.५ प्रतिशत), पेय पदार्थ (०.२ प्रतिशत) तथा मरमसला (०.१ प्रतिशत) को मूल्यमा वृद्धि हुन गएको छ भने तरकारी तथा फलफूल ( ५.२ प्रतिशत), तेल तथा घ्यू (०.८ प्रतिशत) र दूध तथा दुग्ध पदार्थ (०.१ प्रतिशत) को मूल्यमा ह्रास आएको छ।

११. यस वर्ष गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ५.७ प्रतिशतले बढ्न गएको छ। गत बर्ष यस्तो मूल्य सूचकाङ्क ५.९ प्रतिशतले बढेको थियो। यस समूह अन्तर्गतका उप-समूहहरुमा घरायसी सामान (१३.३ प्रतिशत), शिक्षा, शैक्षिक सामाग्री तथा मनोरंजन (४.० प्रतिशत), औषधी तथा व्यक्तिगत हेरचाह (२.३ प्रतिशत), लत्ता कपडा तथा तयारी लुगा (१.८ प्रतिशत), सुर्ती तथा सुर्तीजन्य पदार्थ (१.३ प्रतिशत), यातायात तथा संचार (०.७ प्रतिशत) को मूल्य बढेको छ भने जुत्ता (०.४ प्रतिशत) को मूल्यमा ह्रास आएको छ।

१२ क्षेत्रगत आधारमा वार्षिक विन्दुगत रुपमा काठमाडौं उपत्यका (५.३ प्रतिशत), तराई (४.३ प्रतिशत) र पहाड (३.६ प्रतिशत) को मूल्य सूचकाङ्कमा वृद्धि भएको छ। गत वर्ष यस्तो वृद्धिदर क्रमश: ६.९ प्रतिशत, ४.१ प्रतिशत र ४.४ प्रतिशत रहेको थियो। खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, पहाड र तराईमा क्रमश: ४.० प्रतिशत, ३.४ प्रतिशत र २.५ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै गरी, गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, तराई र पहाडमा क्रमश: ६.७ प्रतिशत, ५.५ प्रतिशत र ४.८ प्रतिशतले वृद्धि भएको छ।


१३. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क २०६१ षौष महिनामा ६.९ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ७.० प्रतिशत रहेको थियो। पेट्रोलियम पदार्थ र कोइला, निर्माण सामाग्री, खाद्यान्न वाली तथा यातायातका साधन र मेशिनरी औजारमा मूल्य वृद्धि भए तापनि फलफूल तथा तरकारीहरु तथा मरमसलाको मूल्यमा ह्रास आएको कारण गत वर्षको तुलनामा यस वर्षको मूल्य सूचकाङ्क कम दरले वृद्धि हुन गएको छ। समूहगत रुपमा आयातीत वस्तुहरु, स्वदेशमा उत्पादित वस्तुहरु र कृषि सम्बन्धी बस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमश: १०.८ प्रतिशत, ७.२ प्रतिशत र ४.१ प्रतिशतले मूल्य वृद्धि भएको छ। गत वर्षको प्रथम छ महिनाको औसत मूल्य वृद्धिदर ४.४ प्रतिशत रहेकोमा यस वर्ष यस्तो वृद्धिदर ५.८ प्रतिशत रहन गएको छ।

## सरकारी वित्त स्थिति

१४. श्री ५ को सरकारको कुल खर्चलाई साधारण र विकास खर्चमा वर्गीकरण गर्ने गरिएकोमा यसमा आर्थिक वर्ष २०६१/६२ देखि परिवर्तन गरी चालु खर्च, पूंजीगत खर्च र सांवा भूक्तानी गरी तीन भागमा बर्गीकरण गरेको छ । यी शीर्षकहरु र विगत आर्थिक वर्षहरुमा भएको साधारण र विकास खर्च शीर्षकहरुमा भएको खर्चको तुलनात्मक बिश्लेषण गर्न सान्दर्भिक हुने नदेखिएकोले आर्थिक वर्ष २०६१/६२ को प्रथम छ महिनाकों तथ्यांक मात्र प्रस्तुत गरिएको छ । नगद प्रवाहमा आधारित तथ्यांक अनुसार श्री ५ को सरकारको कुल खर्च गत वर्ष ५.२ प्रतिशतले बढेकोमा यस वर्ष ६.३ प्रतिशतले बढेर रु. ३३ अर्ब ९८ करोड पुगेको छ । यस वर्षको कुल खर्चमध्ये चालु खर्चतर्फ रु. २४ अर्ब ८३ करोड (७३.१ प्रतिशत), पूंजीगत खर्चतर्फ रु. ३ अर्ब ३८ करोड, (१०.० प्रतिशत), सांवा भुक्तानी तर्फ रु. ४ अर्ब ३८ करोड (१२.९ प्रतिशत) र फ्रिजतर्फ रु. १ अर्ब ३९ करोड (४.१ प्रतिशत) रहेको छ ।

१५. गत वर्ष १४.७ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजस्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष १५.० प्रतिशतले वृद्धि भई रु. ३४अर्ब ५४ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोत (८६.४ प्रतिशत) को रुपमा रहेको राजस्व गत वर्ष १३.६ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १२.२ प्रतिशतले वृद्धि भई रु. २९ अर्ब ८३ करोड पुगेको छ । बाह्य अनुदान गत वर्ष २ अर्ब ७ करोड प्राप्त भएकोमा यस बर्ष रु. ३ अर्ब ६६ करोड प्राप्त भएको छ ।


१६. कुल सरकारी खर्चको तुलनामा साधन परिचालनको वृद्धिदर उच्च रहेकोले २०६१ पौष मसान्तसम्ममा रु.५६ करोडको बजेट बचत भएको छ । गत वर्ष यस अवधिमा रु. १ अर्ब ९५ करोड बजेट घाटा भएको थियो । यस वर्ष वैदेशिक नगद ऋण रु. १ अर्ब ८ करोड तथा आन्तरिक ऋण रु.२ अर्ब २० करोड गरी कुल रु. ३ अर्ब २८ करोड परिचालन भएको छ । फलस्वरुप, श्री ५ को सरकारको खातामा यस महिनाको अन्त्यसम्ममा सरकारी कारोबारबाट रु. ३ अर्ब ८५ करोड बचत रहेको छ । श्री ५ को सरकारको खातामा गत बर्ष यसै अवधिमा रु. ४ अर्ब ९४ करोड बचत रहेको थियो ।




१७. २०६१ आषाढमा श्री ५ को सरकारको खातामा रु. ७५ करोड बचत रहेकोमा यस अवधिमा कुल खर्चको तुलनामा कुल गैर-ऋण साधन उच्च दरले बढेको फलस्वरुप उक्त रकममा वृद्धि भई २०६१ पौष मसान्तमा थप रु. ४ अर्ब ६० करोडको बचत भएको छ । फलस्वरुप, श्री ५ को सरकारको तिर्न बाँकी खुद आन्तरिक ऋण २०६१ आषाढको रु. ८५ अर्ब ३८ करोड करोडबाट २०६१ पौष मसान्तमा रु. ८२ अर्ब ५३ करोडमा झरेको छ ।

## वैदेशिक ब्यापार

१८.आर्थिक वर्ष २०६१/६२ को प्रथम छ महिनासम्ममा कुल निर्यात ४.८ प्रतिशतले वृद्धि भई रु. २७ अर्ब ५० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा कुल निर्यात १०.४ प्रतिशतले वृद्धि भएको थियो । गत वर्ष १४.१ प्रतिशतले वृद्धि भएको भारततर्फको निर्यात यस वर्ष २४.१ प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ९८ करोड पुगेको छ । अन्य मुलुकतर्फको निर्यात भने गत वर्ष ६.२ प्रतिशतले बढेकोमा यस वर्ष १८.९ प्रतिशतले घटी रु. ९ अर्ब ५२ करोडमा सीमित रहेको छ । यस वर्ष भारततर्फको निर्यातको प्रमुख वस्तुहरुमध्ये दाल, अलैची, वनस्पति घ्यू, चिया, पोलिष्टर धागो, जुटका सामान, आल्मुनियम सेक्सन, तामाको तार तथा डण्डी, रसायन, जुस, गाइवस्तुको दाना, जुत्ता चप्पल, कपडा,  खोटो, खयर, फापर आदिको निर्यातमा वृद्धि भएको छ भने दन्तमन्जन, अदुवा, ढुटोको तेल, जि.आई. पाइप, एम.एस. पाइप, तयारी पोशाक जस्ता वस्तुहरुको निर्यात घटेको छ । यसैगरी अन्य मुलुकतर्फ ऊनी गलैंचा र अलैंचीको निर्यात बढे तापनि तयारी पोशाक, दाल, चिया, प्रशोधित छाला, गर-गहना र नेपाली कागज तथा कागजको निर्यात घटेको छ ।




१९. गत वर्ष १०.२ प्रतिशतले वृद्धि भएको कुल आयात यस वर्ष ०.२ प्रतिशतले मात्र बढी रु. ६३ अर्ब ८२ करोडमा सीमित भएको छ । गत वर्ष १०.५ प्रतिशतले बढेको भारतबाट भएको आयात यस वर्ष १२.६ प्रतिशतले वृद्धि भएको  छ । अन्य मुलुकबाट भएको आयात भने गत वर्ष ९.७ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १५.५ प्रतिशतले घटेको छ । यस वर्ष भारतबाट मुख्यतया दाल, धागो, रसायन, यातायातका साधन तथा पूर्जाहरु, रासायनिक मल, पेट्रोलियम पदार्थ, औषधि, कोल्ड रोल्ड सिट, प्लाष्टिक दाना आदि वस्तुहरुको आयात बढेको छ भने गहुँ, चामल, नून, हट रोल्ड सिट, एम एस विलेट, सिमेन्ट आदि वस्तुहरुको आयात घटेको छ । यसैगरी अन्य मुलुकहरुबाट खाद्य तेल, सुपारी, ल्वाङ, टेलिभिजन, दूरसंचारका उपकरण तथा पूर्जाहरु, अन्य यन्त्र तथा पूर्जाहरु, स्टीलको तार, कच्चा नरिवल तेल, तामाको तार तथा जस्ता आदि  वस्तुहरुको आयात बढेको छ भने धागो, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, प्लाष्टिक दाना, यातायातका साधन तथा पूर्जाहरु, हवाईजहाजका पार्टपूर्जा, विद्युतीय सामान, कपडा आदिको आयातमा ह्रास आएको छ ।


२०. यस वर्ष कुल निर्यातको वृद्धिदर तुलनात्मक रुपमा बढी भएको कारण कुल ब्यापार घाटा ३.० प्रतिशतले घटी रु. ३६ अर्ब ३२ करोडमा सीमित रहेको छ । गत वर्ष ब्यापार घाटा १०.० प्रतिशतले वृद्धि भएको थियो । कुल ब्यापार गत वर्ष १०.२ प्रतिशतले वृद्धि भएको तुलनामा यस वर्ष १.६ प्रतिशत को न्यून दरले बढेको छ । भारततर्फको निर्यात तथा आयात बढेको तर अन्य मुलुकतर्फको निर्यात तथा आयात दुबैमा ह्रास आएको कारण कुल ब्यापारमा भारतको अंश गत वर्षको ५५.७ प्रतिशतबाट वृद्धि भई यस वर्ष ६३.६ प्रतिशत पुगेको छ भने अन्य मुलुकतर्फको अंश सोही अनुसार ४४.३ प्रतिशतबाट ३६.४ प्रतिशतमा झरेको छ ।

२१. नेपालको कुल निर्यात/आयात अनुपात गत वर्ष ४१.२ प्रतिशत रहेकोमा यस वर्ष ४३.१ प्रतिशत पुगेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत वर्ष ४०.७ प्रतिशत रहेकोमा यस वर्ष ४४.९ प्रतिशत पुगेको छ । अन्य मुलुकतर्फको अनुपात गत वर्ष ४१.८ प्रतिशत रहेकोमा यस वर्ष ४०.१ प्रतिशत पुगेको छ ।

चार्ट नं. : ५

**वैदेशिक व्यापार**

(प्रथम छ महिना)




## शोधनान्तर स्थिति

२२. शोधनान्तरको प्रथम पाँच महिनाको तथ्याङ्क अनुसार यस वर्ष गत वर्षको सोही अवधिको तुलनामा निर्यात बढेको तथा आयात न्यून दरले बढेको कारण व्यापार घाटा ७.७ प्रतिशतले घटी रु. २७ अर्ब ८५ करोडमा झरेको छ। गत वर्षको सोही अवधिमा व्यापार घाटा १४.७ प्रतिशतले बढेको थियो। यस वर्ष सेवातर्फ अन्यत्र नपरेको सरकारी आय ३०.४ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ७७ करोड पुगेको छ भने पर्यटन आय १३.७ प्रतिशतले घटी रु. ५ अर्ब २१ करोड र अन्य सेवा आय ३.० प्रतिशतले ह्रास भई रु. ३ अर्ब १ करोडमा झरेको छ। फलस्वरुप गत वर्ष १८.७ प्रतिशतले बढेको कुल सेवा आय यस वर्ष २.५ प्रतिशतले घट्न गई रु. १० अर्ब ९९ करोड कायम भएको छ। सेवा क्षेत्रको भुक्तानीतर्फ पर्यटन र अन्य खर्च क्रमशः ४९.३ प्रतिशत र ८.४ प्रतशितले बढेको तथा यातायात खर्च ७.० प्रतिशतले घटेकोले कुल सेवा भुक्तानी १२.८ प्रतिशतले वृद्धि भई रु. ९ अर्ब २२ करोड पुगेको छ।

२३. यस वर्षको पाँच महिनामा आय शीर्षकतर्फको प्राप्ति (Income Credit) ३६.१ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ५० करोड पुगेको छ। त्यस्तै, उक्त शीर्षकतर्फको भुक्तानी ८.७ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ३६ करोड पुगेको छ। फलस्वरुप वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा ४.३ प्रतिशतले घटी रु. २६ अर्ब ९३ करोडमा ओर्लेको छ। यस्तो घाटा गत वर्ष १३.० प्रतिशतले वृद्धि भएको थियो।

२४. ट्रान्सफर आयतर्फ अनुदान गत वर्ष ५२.१ प्रतिशतको उच्च दरले वृद्धि भएको विपरित यस वर्ष ११.७ प्रतिशतले घटी रु. ८ अर्ब २ करोडमा झरेको छ। निजी क्षेत्रको विप्रेषण (Workers' Remittances) गत वर्षको ८.२ प्रतिशत वृद्धिको तुलनामा यस वर्ष १२.६ प्रतिशतले घटी रु. २३ अर्ब ३९ करोडमा झरेको छ। यस वर्ष निवृत्तिभरण (Pension) आय ९६.७ प्रतिशतको उत्साहजनक दरले वृद्धि भई रु. ४ अर्ब ७६ करोड पुगेको छ भने अन्य शीर्षकमा रहेको भारतीय अन्तःशुल्क फिर्ता रकम २३.५ प्रतिशतले बढी रु. ९९ करोड पुगेको छ। ट्रान्सफर भुक्तानी १७.० प्रतिशतले वृद्धि भई रु. १ अर्ब २९ करोड पुगेको छ। गत वर्ष यस्तो भुक्तानी २५.८ प्रतिशतले घटेको थियो।


२५. यस वर्ष चालु खातामा रु. ८ अर्ब ९४ करोडको बचत भएको छ। गत वर्षको सोही अवधिमा चालु खातामा रु. ९ अर्ब ८२ करोड बचत भएको थियो। पूँजीगत ट्रान्सफर यस वर्ष रु. ६२ करोड प्राप्त भएको छ। गत वर्ष पूँजीगत ट्रान्सफर रु. ८४ करोड प्राप्त भएको थियो।

२६. वित्तीय खाता (Financial Account) तर्फ अन्य लगानी सम्पत्ति (Other Investment Assets) गत वर्ष रु. १८ अर्ब ८४ करोड थप भएकोमा यस वर्ष रु. १० अर्ब ६७ करोड थप भएको छ, जसमध्ये व्यापारिक ऋण रु. २ अर्बले बढेको छ। अन्य लगानी दायित्व (Other Investment Liabilities) गत वर्ष रु. ६ अर्ब ५३ करोडले बढेकोमा यस वर्ष रु. २ अर्ब ७१ करोडले घटेको छ। यसमध्ये व्यापारिक ऋण (Trade Credit) रु. ६९ करोडले घटेको छ। यस वर्ष रु. ८३ करोड बराबरको सरकारी ऋण आप्रवाह भएको र साँवा भुक्तानी रु. २ अर्ब ६३ करोड रहेको छ। फलस्वरुप, खूद सरकारी ऋण आप्रवाह रु. १ अर्ब ८० करोडले ऋणात्मक रहेको छ। यस वर्ष विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. १७ करोडले घटेको छ। सोही अनुरुप वित्तीय खाता रु. १३ अर्ब ३९ करोडले ऋणात्मक रहन

गएको छ । चालु खातामा बचत तथा विविध पूँजी समेत बढेको कारण यस वर्षको प्रथम पाँच महिनामा रु. १ अर्ब १८ करोडको शोधनान्तर वचत भएको छ । गत वर्षको यसै अवधिमा रु. ११ करोडको शोधनान्तर घाटा भएको थियो । मौद्रिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६०/६१ को प्रथम छ महिनामा रु. ८ अर्ब ६० करोड शोधनान्तर बचता रहेकोमा यस वर्षको सोही अवधिमा रु. ५ अर्ब ६४ करोडको शोधनान्तर बचत भएको छ ।

## विदेशी विनिमय संचिति

२७ कुल विदेशी विनिमय संचिति २०६० पौष मसान्तमा १४.८ प्रतिशतले वृद्धि भएको तुलनामा २०६१ पौष मसान्तमा ६.८ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३१ अर्ब ११ करोड पुगेको छ । २०६० पौषको तुलनामा २०६१ पौषमा परिवर्त्य बिदेशी विनिमय संचिति १२.९ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुक तर्फको आयात उच्च दरले घटेको तथा बैंकिङ्ग प्रणालीबाट आउने बिप्रेषण रकम बढेको कारण आर्थिक वर्ष २०६१/६२ को प्रथम छ महिनामा परिवर्त्य संचिति बढेको हो । यस अवधिमा भारतबाट आउने बिप्रेषण तथा खुद सेवा आय बढेकोले अपरिवर्त्य संचिति ५९.४ प्रतिशतले घटेको छ । गत वर्ष परिवर्त्य संचिति ३१.२ प्रतिशतले बढेको थियो भने अपरिवर्त्य संचिति ५१.१ प्रतिशतले ह्रास भएको थियो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश ९६.८ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ३.२ प्रतिशत रहेको छ । यस वर्ष यो अंश क्रमशः ९१.५ प्रतिशत र ८.५ प्रतिशत रहेको थियो । यस वर्षको प्रथम छ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तरले १२.३ महिनाको वस्तु आयात र १०.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।




*****